# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, फागुन १२ गते, २०७६ साल (संख्या ४६

## भाग ३

नेपाल सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

**आयकर (दशौं संशोधन) नियमावली, २०७६**

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "आयकर (दशौं संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>आयकर नियमावली, २०५९ को नियम २१ मा संशोधनः</u> आयकर नियमावली, २०५९ को नियम २१ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले सो कोषमा योगदान गर्दा पाँच लाख रुपैयाँ वा निजको निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्नेछ ।"

**आज्ञाले,**
**शिशिर कुमार ढुङ्गाना**
**नेपाल सरकारको सचिव**